सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १४३ ♦ २०८२ साल माघ १२ सोमवार ♦ 26 Jan 2026 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेश प्रदेशमा कांग्रेस, एमाले र जसपा गठबन्धनका उम्मेदवार विजयी

खबर दर्पण समाचारदाता

माघ ११ गते, बर्दिबास



राष्ट्रिय सभा सदस्य निर्वाचन अन्तर्गत मधेश प्रदेशमा चार सिटका लागि आइतबार भएको मतदानको मतगणनाको परिणाम अनुसार नेपाली कांग्रेस, नेकपा (एमाले) र जसपा नेपालबिच भएको गठबन्धनका उम्मेदवार विजयी हुनुभएको छ।

खुलातर्फ लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष एवम् जसपा नेपालका संरक्षक महन्थ ठाकुर, महिलातर्फ नेकपा (एमाले) का रेखा झा, दलिततर्फ नेपाली कांग्रेसका धमेन्द्र पासवान र अपाङ्ग भएका व्यक्ति/अल्पसंख्यक समुहतर्फ नेपाली कांग्रेसका रंजित कर्ण विजयी हुनुभएको छ।

खुलातर्फ लोसपा नेपालका ठाकुर सात हजार ७२५ मतभार सहित विजयी हुनुभयो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का लक्ष्मण पौडेलले एक हजार ८०५. मतभार प्राप्त गर्नुभएको छ।

त्यसैगरी, महिलातर्फ एमालेका झा सात हजार २२२ मतभार प्राप्त गरी विजयी हुनुभयो। उहाँको निकटतम प्रतिस्पर्धी नेकपाका सम्मी अग्रवालले एक हजार ९४४ मतभार प्राप्त गर्नुभयो।

दलिततर्फ कांग्रेसका धर्मेन्द्र पासवान सात हजार ९०४ मतभार प्राप्त गरी विजयी हुनु भएको छ। उहाँको निकटतम प्रतिस्पर्धी नेकपाका शम्भु पासवान हजारीले एक हजार ३७६ मतभार प्राप्त गर्नुभयो।

अपाङ्गता भएका व्यक्ति/अल्पसंख्यक समुहतर्फ कांग्रेसका कर्णले आठ हजार ९३ मतभार प्राप्त गर्नुभयो। उहाँका निकटतम प्रतिस्पर्धी नेकपाका रामनन्दन प्रसादले एक हजार ३६१ मतभार प्राप्त गर्नुभयो।

विजय उम्मेदवारलाई निर्वाचन अधिकृत सुभाष बाबु पुरीले मतपरिणाम सुनाउँदै विजय भएको घोषणा सहित प्रमाणपत्र प्रदान गर्नु भएको छ।

आज मधेश प्रदेशको राजधानी जनकपुधामको श्री महेन्द्र नारायण नीधि मिथिला सांस्कृतिक केन्द्रमा सम्पन्न भएको मतदानमा ९९ जना प्रदेशसभा सदस्य र २४२ जना विभिन्न पालिकाका प्रमुख, उपप्रमुख गरी ३ सय ४१ जनाले मतदान गर्नुभएको छ।

मधेश प्रदेश सभाका एक सय प्रदेश सभा सदस्य र विभिन्न पालिकाका प्रमुख र उपप्रमुख गरी २६४ जना गरी जम्मा ३६४ जना मतदाता रहेकोमा एक जना प्रदेशसभा सदस्य र २२ जना विभिन्न पलिकाका प्रमुख, उपप्रमुख गरी जम्मा २३ जना मतदाता अनुपस्थित रहेको निर्वाचन कार्यालय मधेश प्रदेशका सुचना अधिकारी कृष्ण प्रसाद राउतले जानकारी दिनुभयो।

प्रदेशसभा तर्फ नेपाल सङ्घीय समाजवादी पार्टीका प्रदेशसभा सदस्य एवम् मधेश प्रदेशका पूर्व गृह, सञ्चार तथा कानुनमन्त्री विमला अन्सारी अनुपस्थित रहनुभएको छ। त्यसै गरी जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज साहसहित विभिन्न पालिकाका प्रमुख, उपप्रमुख गरी २२ जना अनुपस्थित रहनुभएको निर्वाचन कार्यालयले जनाएको छ।

## पूर्वराजा ज्ञानेन्द्र शाह जनकपुरधाममा



खबर दर्पण समाचारदाता


माघ ११ गते, बर्दिबास

पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार जनकपुरधाम पुगेका छन् । उनी सोमबार जानकी मन्दिरमा दर्शन गरेपछि पैदल मार्च गर्ने कार्यक्रम रहेको छ ।

नेपाल राष्ट्रवादी नागरिक समाज धनुषा शाखा अन्तर्गत मूल स्वागत समारोह समितिले पूर्वराजाको स्वागत एवं सम्मानका लागि विशेष कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा ज्ञानेन्द्र शाह र उनका परिवारका सदस्यहरूले जानकी मन्दिर, राम मन्दिर र राजदेवी माताको मन्दिरमा पूजा आराधना गर्ने तालिका रहेको छ ।

समारोहको अध्यक्ष प्रकाश जंग राणा, सचिव संतोष साह र संयोजक रितेश कुमार सिंह रहेका छन् । समितिले सबैलाई सो कार्यक्रममा उपस्थितिका लागि अनुरोध गरेको छ ।



# राष्ट्रियसभा दलीय स्वरुप अदल-बदल : कांग्रेस बन्यो पहिलो दल

खबर दर्पण समाचारदाता
**माघ ११ गते, बर्दिवास**

यो निर्वाचनमा नेपाली कांग्रेस, नेकपा (एमाले) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच गठबन्धन भएको थियो। १८ मध्ये एक पदमा भने नेपाली कांग्रेसका सुनिलबहादुर थापा निर्विरोध भएका थिए। नेपाली कम्युनिस्ट पार्टीले उमेदवारी दर्ता नगर्दा थापा निर्विरोध भएका हुन्।




१७ सिटका लागि आइतबार (माघ ११) भएको निर्वाचनमा गठबन्धनका सबै उमेदवार निर्वाचित भए। कांग्रेसले ९, एमालेले आठ र जनता समाजवादी पार्टी नेपालले एक सिट पाएको छ। चुनावी तालमेलले कांग्रेसलाई ९ सिट फाइदा भएको छ।

एमालेले कांग्रेससँग गठबन्धन गरेसँगै राष्ट्रियसभा सदस्यमा लाभ मिलेको हो। गठबन्धनबाट अन्तिम समयमा बाहिरिएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले आफ्नो विरासत जोगाउन सकेन। निर्वाचनमा तीन दलीय तालमेल हुँदा कोसीबाट थापा, सोमनाथ पोर्तेल र रोशनी मेचे निर्वाचित भएका छन्।

मधेसबाट रेखाकुमारी झा, धर्मेन्द्र पासवान र रंजित कर्ण र महन्थ ठाकुर निर्वाचित भएका छन्। वाग्मती प्रदेशबाट गीता देवकोटा प्रेमप्रसाद दंगाल निर्वाचित भए। गण्डकीबाट सम्झना देवकोटा र जगत तिमिल्सिना निर्वाचित भए। लुम्बिनीबाट रामकुमारी झाँक्री, बासुदेव घिमिरे र चन्द्रबहादुर केसी निर्वाचत भएका छन्। कर्णालीबाट मीनासिंह रखाल, ललितजंग शाही निर्वाचित भएका छन्। सुदूरपश्चिमबाट लीलाकुमारी भण्डारी र खम्मबहादुर खाती राष्ट्रियसभा सदस्य निर्वाचित भएका छन्।

## ठूलो दलमा कांग्रेस स्थापित

अब राष्ट्रियसभामा फागुन २० गतेबाट दलहरूको स्थान परिवर्तन हुनेछ। यसअघि राष्ट्रियसभामा कांग्रेसका १६ सदस्य थिए। गत पुस ३० गते सांसद बलदेव बोहोराको निधनले १५ सदस्यीय छ। अब यो चुनावमा ९ जना थपिएसँगै राष्ट्रियसभामा कांग्रेस २४ सिट हुनेछ। ठूलो दल अब नेकपा १७ सदस्यमा झर्नेछ।

मनोनीत सांसद अन्जान शाक्यसहित एमालेको ११ सदस्य हुनेछन्, राष्ट्रियसभामा। राष्ट्रियसभामा जनता समाजवादी पार्टीका तीन, राष्ट्रिय जनमोर्चाका एक सांसद हुनेछन्।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट एक सांसद मनोनीत गर्नुपर्नेछ। बोहोराको निधनपछि रिक्त एक स्थानमा निर्वाचन गर्नुपर्ने छ।

## फर्केर हेर्दा

राष्ट्रियसभाको पहिलो निर्वाचन २०७४ फागुन २४ गते भएको थियो। राष्ट्रियसभामा पाँच दलको प्रतिनिधित्व हुँदा एमाले पहिलो दल बन्यो। एमालेबाट २९ सदस्य निर्वाचित भएका थिए। दोस्रो दल बनेको कांग्रेसबाट १३ सदस्य निर्वाचित भएका थिए।

नेकपा एमालेसँग सहकार्य गर्दा पनि तेस्रो दल बनेको माओवादी केन्द्रबाट १० सदस्य निर्वाचित भएका थिए। राष्ट्रिय जनता पार्टी, नेपाल दुई, संघीय समाजवादी फोरमबाट दुई सदस्य निर्वाचित भएका थिए। ०७४ फागुन ८ गते राष्ट्रपतिबाट तीनजना सदस्य मनोनीत भएपछि राष्ट्रियसभा ५९ सदस्यीय बनेको थियो।

मनोनीत हुनेमा एमालेबाट युवराज खतिवडा, विमला राई पौडेल थिए भने माओवादीबाट रामनारायण बिडारी थिए। मनोनीतसहित एमाले ३१ र माओवादीले ११ सिट पाएको थियो। राष्ट्रियसभामा गोलाप्रथाबाट सदस्यहरूको कार्यकाल निर्धारण भएको थियो। जसमा दुई, चार र ६ वर्ष कार्यकाल तय गरिएको थियो।

राष्ट्रियसभाको निर्वाचन भएको तीन महिनामा नै दलहरूको हैसियत फेरिएको थियो। २०७५ जेठ ३ गते एमाले र माओवादीबीच एकीकरण भयो। एकता भएर बनेको नेकपा मनोनीतसहित ४२ सदस्यीय बन्यो। राष्ट्रियसभामा सबैभन्दा ठूलो दल नेकपा बन्यो।

त्यस्तै, ०७६ वैशाख २३ गते संघीय समाजवादी पार्टी फोरम र नयाँ शक्तिबीच एकता भएर समाजवादी पार्टी गठन भयो। त्यतिबेला समाजवादी पार्टीसँग राष्ट्रियसभाका एक सदस्य थिए। उक्त पार्टी र राष्ट्रिय जनता पार्टी ०७७ वैशाख ११ गते एकता भयो। दुईबीच एकता भएर बनेको जनता समाजवादी पार्टी (जसपा)सँग राष्ट्रियसभामा तीन सदस्य थिए।

त्यस्तै, ०७६ वैशाख २३ गते संघीय समाजवादी पार्टी फोरम र नयाँ शक्तिबीच एकता भएर समाजवादी पार्टी गठन भयो।

त्यतिबेला समाजवादी पार्टीसँग राष्ट्रियसभाका एक सदस्य थिए।

उक्त पार्टी र राष्ट्रिय जनता पार्टी ०७७ वैशाख ११ गते एकता भयो। दुईबीच एकता भए बनेको जनता समाजवादी पार्टी (जसपा)सँग राष्ट्रियसभामा तीन सदस्य थिए।

## अनि खुम्चियो कांग्रेस

०७६ माघ ९ गते राष्ट्रियसभाको दोस्रो निर्वाचन भएको थियो। १९ सदस्य दुईवर्षे कार्यकाल पूरा भएर बिदा भए। जसमा मनोनीत युवराज खतिवडाको पनि कार्यकाल सकिएको थियो। दुईवर्षे कार्यकाल पूरा हुनेमा नेकपाका मनोनीत एकसहित ९, कांग्रेसका सात, राष्ट्रिय जनता पार्टीका दुई र समाजवादीका एकजना थिए।

१८ स्थानका लागि निर्वाचन भएको थियो। जहाँ नेकपा र राष्ट्रिय जनता पार्टीबीच चुनावी तालमेल भएको थियो। नेकपाले १६ सिट र जसपाले दुई सिट जितेको थियो। कांग्रेसले आफ्नै सात सिट पनि जोगाउन सकेन। नेकपालाई आठ सिट फाइदा भएको थियो।

दुई वर्ष कार्यकाल पूरा हुँदा नेकपा ४९ सिटको बनेको थियो। ०७७ असोजमा वामदेव गौतम मनोनीत भएपछि नेकपा ५० सदस्यीय बनेको थियो।

राष्ट्रियसभामा नेकपा ५० सदस्यीय बन्दा कांग्रेस ६ सिटसहित दोस्रो दल बनेको थियो। त्यस्तै जसपासँग तीन सिट थियो। तर, २०७७ फागुन २३ गते सर्वोच्चको फैसलाले एमाले र माओवादी पूर्ववत: अवस्थामा फर्किए। नेकपा विभाजित हुँदा एमाले मनोनीतसहित ३५ सदस्यीय बन्यो। माओवादी मनोनीतसहित १५ सदस्य बनेको थियो। कांग्रेस ६ सिटसहित तेस्रो बनेको थियो। जसपासँग तीन सिट थियो।

## उपनिर्वाचनले स्वतन्त्रको प्रवेश, कांग्रेसलाई फाइदा

नेकपा विभाजन हुँदा माओवादीबाट निर्वाचित रामबहादुर थापा बादल र चन्द्रबहादुर खड्का एमालेमै बसे। उनीहरू एमालेमै रहेपछि माओवादीले तिनलाई दल त्याग लगाउँदै कारबाही गऱ्यो। ती ठाउँमा २०७८ जेठमा उपनिर्वाचन भयो। उपनिर्वाचनमा बादलको स्थानमा नेकपा एमालेका तत्कालीन वरिष्ठ नेता माधव नेपालको सहयोगमा स्वतन्त्र उमेदवार खिमलाल देवकोटा निर्वाचित भए।

लुम्बिनीमा खड्काको रिक्त पदमा कांग्रेसका दृगनारायण पाण्डे

बाँकी पृष्ठ ३ मा

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राष्ट्रियसभा दलीय स्वरुप अदल-बदल...................

निर्वाचित भए । एमालले एक सिट गुमाउँदा स्वतन्त्रको प्रवेश भएको थियो । उता, कांग्रेसले एक सिट बढाउँदै सात पुऱ्याएको थियो ।

## त्यसपछि एमाले र जसपा विभाजनको असर

२०७८ भदौ ९ गते एमाले र जसपा विभाजित भयो । ०७८ भदौ ९ गते एमालेबाट विभाजन भएर माधव नेपालको नेतृत्वमा एकीकृत समाजवादी गठन भयो । राष्ट्रियसभामा एमालेका सातजना सदस्य एकीकृत समाजवादीमा आवद्ध भए ।

त्यस्तै जसपा विभाजन भई महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन भयो । एक सदस्य लोसपामा आबद्ध भए । एमाले र लोसपा विभाजित हुँदा दलहरूको सिट संख्या फेरियो ।

एमालेको मनोनीत एकसहित २५ सदस्य, माओवादी १५, कांग्रेस सात, एकीकृत समाजवादी सात, जसपा दुई, लोसपा एक र स्वतन्त्र एक सिट रह्यो । मनोनीत वामदेव गौतमले ०७८ भदौ १९ गते एमाले छाडेर छुट्टै दल गठन गरेका थिए ।

## एमालेलाई झनै धक्का

तेस्रो निर्वाचन २०७८ माघ १२ गते भयो । २०७८ फागुन २० गते चारवर्षे कार्यकाल पूरा गर्ने राष्ट्रियसभाका २० सदस्य थिए । जसमा एमालेका आठ, कांग्रेसका तीन, माओवादीका चार, एकीकृत समाजवादीका चार सदस्य थिए ।

मनोनीत रामनारायण विडारीको पनि कार्यकाल चार वर्ष नै थियो । उक्त चुनावमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सत्ता गठबन्धन चुनावमा होमिएको थियो ।

जसमा गठबन्धनबाट एमालेले एक सिट मात्रै खोस्न सफल भएको थियो । कांग्रेस ६, माओवादी पाँच, एकीकृत समाजवादी पाँच, जसपा एक र जनमोर्चाले समेत एक सिट जितेका थिए । राष्ट्रियसभामा सात राजनीतिक दल र एकजना स्वतन्त्र उपस्थिति थियो ।

२०७८ फागुन २१ चुनावपछि पनि राष्ट्रियसभामा एमाले पहिलो दल थियो । एमाले एक मनोनीतसहित १८ सदस्यीय थियो । दोस्रो दलको रूपमा माओवादी एक मनोनीतसहित १६ सदस्य थिए । कांग्रेस १०, एकीकृत समाजवादी आठ, जसपा तीन, लोसपा एक, राजमो एक, स्वतन्त्र एक र मनोनीत (वामदेव गौतम) एक सिटको हैसियतमा रहे । माओवादी केन्द्रका नारायण दाहाल ०७८ चैतमा मनोनीत भए ।

एमालेबाट निर्वाचित खिमलाल भट्टराईले राजीनामा दिएपछि रिक्त स्थानमा ०७९ माघ २५ गते उपनिर्वाचन भएको थियो । जसमा एमालेका कुमार दसौंदी निर्वाचित भएका थिए ।

२०८० फागुन २० गतेबाट एक मनोनीतसहित २० सदस्यको पदावधि सकियो । जसमा एमालेबाट एक मनोनीतसहित ९, कांग्रेसका चार, माओवादीका तीन, एकीकृत समाजवादीबाट दुई, जसपा एक र स्वतन्त्र एकको पदावधि सकिएको थियो ।

तीमध्ये ०८० माघ ११ गते १९ पदका लागि निर्वाचन भएको थियो । निर्वाचनबाट कांग्रेसका १० जना निर्वाचित भए । माओवादी केन्द्रका पाँच, एकीकृत समाजवादीका दुई तथा जनता समाजवादी पार्टी र नेकपा एमालेका एक-एकजना निर्वाचित भएका थिए ।

त्यससँगै राष्ट्रियसभामा दलहरुको स्थान फेरबदल भएको थियो । माओवादी १७ सिटसहित पहिलो दल बनेको थियो । कांग्रेस १६ सिटसहित दोस्रो बनेको थियो । त्यो परिणामसँगै एमालेको विरासत कमजोर बनेको हो । एमाले राष्ट्रियसभामा १० सिट तेस्रो दल बनेको थियो ।

**Happy Birthday**

सूचनाको हकका लागि राष्ट्रिय महासंघ महोत्तरी जिल्ला अध्यक्ष तथा शिरीष न्युजडटकम र खबर दर्पण राष्ट्रीय दैनिक पत्रिकाका महोत्तरी ब्युरो प्रमुख **धर्मेन्द्र कुमार यादव "यदुवंशी"** को सुपुत्री **सुप्रिया अधिकारी** को सोमवार पर्न गएको जन्मदिनको उपलक्ष्यमा उत्तरोत्तर प्रगतीको हार्दिक शुभकामना ।



सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण परिवार
Khabar Darpan National Daily राष्ट्रिय दैनिक

**गणेशमान सौर्य विद्युत आयोजना, (९.५ मे.वा.) को**
**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन**
**सम्बन्धी सार्वजनिक सूचना**
**(प्रकाशन मितिः २०८२/१०/१२)**

इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेडद्वारा मधेश प्रदेश अन्तर्गत धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नामः इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड<br>पत्राचार गर्ने ठेगानाः काठमाडौं म.न.पा. वडा नं ११, थापाथली, काठमाडौं, नेपाल।<br>टेलिफोन नं.: ०१-४५०३५५५<br>ईमेलः ecoglobalpowerdevelopment@gmail.com |
| प्रस्तावको व्यहोरा | इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड प्रस्तावक रहेको गणेशमान सौर्य विद्युत आयोजना, (९.५ मे.वा.), मधेश प्रदेश अन्तर्गत धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा नं.३ मा प्रस्ताव गरिएको छ।<br>प्रस्तावित आयोजना ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना हो। प्रस्तावित आयोजना क्षेत्र समुद्री सतहबाट १२६ मिटरको उचाइमा अवस्थित हुनेछ। प्रस्तावित आयोजनामा Trina Solar "TSM-DE२१-६६०W" प्रकारको सोलार मोड्युल प्रस्ताव गरिएको छ। यस आयोजनाले आयोजना स्थलमा उपलब्ध Free Solar Radiation को उपयोग गरी सौर्य ऊर्जा विद्युत उत्पादन गर्नेछ। आयोजनाका मूख्य प्राविधिक संरचनाहरूमा Solar Modules, Inverters, Transformer, Module Mounting Structure, आदि पर्दछन्।<br>प्रस्तावित आयोजनाबाट बार्षिक कुल १९.०९ GWh उर्जा उत्पादन हुनेछ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व बातावरणीय संरक्षण नियमावली, २०७७ को नियम-७ को उपनियम (२) बमोजिम संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदनको लागि यो सूचना प्रकाशन गरिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/ न. पा. | धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नामः इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड<br>पत्राचार गर्ने ठेगानाः का.म.न.पा.-११, थापाथली, काठमाडौं, नेपाल।<br>टेलिफोन नं.: ०१-४५०३५५५<br>ईमेलः ecoglobalpowerdevelopment@gmail.com |

**औरही-२ सौर्य विद्युत आयोजना, (५ मे.वा.) को**
**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन**
**सम्बन्धी सार्वजनिक सूचना**
**(प्रकाशन मितिः २०८२/१०/१२)**

इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेडद्वारा मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नामः इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड<br>पत्राचार गर्ने ठेगानाः का.म.न.पा.-११, थापाथली, काठमाडौं, नेपाल।<br>टेलिफोन नं.: ०१-४५०३५५५<br>ईमेलः ecoglobalpowerdevelopment@gmail.com |
| प्रस्तावको व्यहोरा | इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड प्रस्तावक रहेको औरही-२ सौर्य विद्युत आयोजना, (५ मे.वा.), मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. १२ मा प्रस्ताव गरिएको छ।<br>प्रस्तावित आयोजना ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना हो। प्रस्तावित आयोजना क्षेत्र समुन्द्री सतहबाट करिब १६६ मिटरको उचाइमा अवस्थित हुनेछ। प्रस्तावित आयोजनामा Trina Solar "TSM-NEG21C.20-720W" प्रकारको सोलार मोड्युल प्रस्ताव गरिएको छ। यस आयोजनाले आयोजना स्थलमा उपलब्ध Free Solar Radiation को उपयोग गरी सौर्य ऊर्जा विद्युत उत्पादन गर्नेछ। आयोजनाका मूख्य प्राविधिक संरचनाहरूमा Solar Modules, String Inverters, Transformer, Module Mounting Structure, आदि पर्दछन्। प्रस्तावित आयोजनाबाट वार्षिक कुल १०.०२८ GWh उर्जा उत्पादन हुनेछ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व बातावरणीय संरक्षण नियमावली, २०७७ को नियम-७ को उपनियम (२) बमोजिम संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदनको लागि यो सूचना प्रकाशन गरिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/ न. पा. | महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. १२ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त बातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नामः इको ग्लोबल पावर डेभलपमेन्ट लिमिटेड<br>पत्राचार गर्ने ठेगानाः का.म.न.पा.-११, थापाथली, काठमाडौं, नेपाल।<br>टेलिफोन नं.: ०१-४५०३५५५<br>ईमेलः ecoglobalpowerdevelopment@gmail.com |

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

पहुँच सहभागिता विश्वास
चुनावी अभियानका लागि
Digital Partner.
उम्मेदवारीका एजेन्डालाई सार्वजनिक र सरल रूपमा
जनतासम्म पुर्‍याउन अनलाइन
प्रचार-प्रसार
गर्न आजै सम्पर्क गर्नुहोस, हामी आकर्षक प्याकेज उपलब्ध गराउनेछु ।
रुपान्तरण मिडिया प्रा. लि.
रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज
रुपान्तरण अनलाईन
Radio Rupantaran
परिवर्तनकालागि
www.rupantaranonline.com
रुपान्तरण अनलाइन
सम्पर्क : ९७०८२०५५२२, ९८०४८५२६९६, ९८४४०३९८५६, ९८४४०२५१८४

# प्रादेशिक अस्पताल जलेश्वरको मेसुमा डा. रवि श्रीवास्तव नियुक्त



**खबर दर्पण समाचारदाता**
**माघ ११ गते, बर्दिवास**

प्रादेशिक अस्पताल जलेश्वरमा नयाँ नेतृत्वको जिम्मेवारी डा. रवि श्रीवास्तवलाई दिइएको छ । आइतबार नै उनले पदभार ग्रहण गरेका छन् ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत डा. श्रीवास्तवलाई जलेश्वर प्रादेशिक अस्पतालको मेडिकल सुपरिटेन्डेन्टको रूपमा नियुक्त गरिएको हो ।

उनी कन्सल्टेन्ट अर्थोपेडिक सर्जन हुन् । स्वास्थ्य क्षेत्रको लामो अनुभव भएका कारण यो जिम्मेवारी उनलाई सुम्पिएको बताइएको छ ।

नवौं तहका कर्मचारी रहेका डा. श्रीवास्तवले पदभार ग्रहण गर्दै अस्पतालको व्यवस्थापन सुधार गर्ने प्रतिवद्धता जनाएका छन् । उनले आफ्नो कार्यकालभित्रै प्रादेशिक अस्पतालको मुहार परिवर्तन हुने बताए ।

उनले अस्पतालमा दैनिक सयौं विरामी आउने भएकोले व्यवस्थापनलाई आफ्नो प्राथमिकता बनाउने समेत स्पष्ट पारेका छन् ।

# चुनावकै मुखमा दर्जनौं नेता कार्यकर्ताले रामुपा छाडे



**खबर दर्पण समाचारदाता**
**माघ ११ गते, बर्दिवास**

प्रतिनिधिसभा निर्वाचन आउन ३९ दिन बाँकी छँदा राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालमा ठूलो फुटको घटना देखिएको छ ।

पार्टीका केन्द्रीय सदस्य, राष्ट्रिय परिषद् सदस्य र धनुषा जिल्ला कार्यसमितिका सदस्यसहित दर्जनौं नेता कार्यकर्ताले सामूहिक रूपमा पार्टी छाडेका छन् ।

आइतबार जारी गरिएको संयुक्त विज्ञप्ति अनुसार केन्द्रीय सदस्य र राष्ट्रिय परिषद् सदस्य गरी १२ जना, साथै धनुषा जिल्ला कार्यसमितिका १० जना सदस्यले पार्टी परित्याग गरेको घोषणा गरेका छन् ।

विज्ञप्तिमा नेता कार्यकर्ताहरूले वर्तमान नेपाल गम्भीर राजनीतिक सङ्कट र दिशाहीनतामा फसेको स्वीकार गर्दै राजनीतिक दलगत सङ्कीर्णता, अवसरवाद र व्यक्ति(केन्द्रितताको) कारण मुलुक र जनतालाई निराशातर्फ धकेलेको निष्कर्ष निकालेको उल्लेख छ ।

पार्टी छाड्ने नेताहरूले अब यथास्थितिवादी, विभाजनकारी र जनआकांक्षाविरोधी राजनीतिबाट अलग भएर देशको सार्वभौमिकता, लोकतन्त्र र जनअधिकारको पक्षमा दृढतापूर्वक उभिने नयाँ राजनीतिक यात्राको घोषणा गरेका छन् ।

नयाँ राजनीतिक यात्राबारे केही दिनभित्र औपचारिक रूपमा जानकारी सार्वजनिक गरिने समेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,